नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वन तथा भू-सरक्षण विभाग

# वृहत् जलाधार व्यवस्थापन केन्द्र, कोशी

# उदयपुर, गाईघाट



सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५को नियम ३ बमोजिम स्वत: प्रकाशन गरिएको बिवरण

अवधि २०८०/०१/०१-२०८०/३/३१

## स्वत:प्रकाशन

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको बिवरण ३/३ महिनामा प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था  बमोजिम देहायका सूचना सूचिकृत गरी प्रकाशन गरिएको छ ।

केन्द्रले आफ्नो नियमित विवरण प्रकाशित गर्ने सिलसिलामा आर्थिक वर्ष २०७९/८० बैशाख देखि आषाढ सम् महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरएको छ ।

मिति २०८० आषाढ ३१ गते अइताबार


**१) केन्द्रको स्वरुप र प्रकृति**

जल, जमीन तथा वनस्पति मानव अस्तित्वका लागि अपरिहार्य जलाधारीय प्राकृतिक श्रोतहरु हुन् । जल र जमीनको वैज्ञानिक व्यवस्थापन नगरिए सम्म हाम्रो जस्तो कृषि प्रधान देशमा "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने सपना साकार हुन सक्दैन ।नेपालको करीब ५० वर्षे लामो भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धि कार्यअनुभवले के देखायो भने वैज्ञानिक एवम् सर्वस्वीकार्य वृहत् जलाधार उपागम (Basin Approach) अनुसार एकीकृत जलाधार व्यवस्थापन कार्य गर्दा उपल्लोतटिय क्षेत्र र तल्लोतटिय क्षेत्रको अन्तरसम्बन्ध (Upstream-Downstream linkages) लाई स्थापित गर्दछ जसबाट वातावरणीय सेवा शुल्क भुक्तानी (Payment for Environmental Services-PES) को अवधारणालाई कार्यान्वयन गर्दै एउटा सिंगो नदीप्रणालीलाई नै सम्बोधन गरिने भएको हुँदा जलश्रोतको उपयोग र संरक्षणमा आउन सक्ने अन्तरदेशीय मुद्दाहरु (Trans boundary Issues) समेत संवोधन गर्न तुलनात्मक रुपमा सरल हुने देखिन्छ ।

यसै सन्दर्भमा नेपाल सरकारले नदी बेसिन व्यवस्थापन कार्यलाई उच्च प्राथमिकतामा राखी वृहत् जलाधारक्षेत्र (Basin) अवधारणा अनुसार भू संरक्षण तथा जलाधार व्यवस्थापनका प्राविधिक सेवाहरुलाई विस्तार गर्ने उद्देश्यले ४ वटा वृहत् जलाधार (कोशी, गण्डकी, कर्णाली, महाकाली) व्यवस्थापन केन्द्रहरु स्थापना गरी जलाधार व्यवस्थापन कार्यलाई निरन्तरता दिदै आएको छ । यसै अनुरुप नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वन तथा भू–संरक्षण  विभाग अन्तर्गत् २०७५ साल आश्विन २६ गते स्थापना भई यस वृहत् जलाधार व्यवस्थापन केन्द्र, कोशी, उदयपुरले आफ्नो कार्यक्षेत्र भित्र संघिय सरकारको तर्फबाट सेवा प्रवाह गर्दै आई रहेको छ ।

**कार्यक्षेत्र**

यस कार्यालयको कार्यक्षेत्र निर्धारण गर्दा कोशी नदीको जलाधार क्षेत्र तथा संघिय सेवा प्रावहमा मूलप्रवाहिकरणमा ल्यउनु पर्ने केही जिल्लाहरुलाई आधार मानिएको छ । जस अनुसार कोशी प्रदेशको ताप्लेजुङ, पाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर, मधेश प्रदेशको सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही तथा बागमती




प्रदेशको सिन्धुली, रामेछाप, दोलखा, सिन्धपाल्चोक, काभ्रेपलाञ्चोक गरी २४ वटा जिल्ला यस केन्द्रको कार्यक्षेत्र भित्र पर्दछन्  भने करिव ४२,०९०.९० वर्ग कि.मी. क्षेत्रफल समेटिएको छ।

**लक्ष्य**

वृहत् जलाधार उपागम (Basin Approach) अनुसार दिगो तथा समतामूलक एकीकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापनद्वारा जनताको जिविकोपार्जन तथा समृद्धिमा टेवा पुर्याउने

**उद्देश्य**

- भूमि तथा जलको उत्पादकत्व एवम् उपयोग अभिवृद्धि गर्ने
- विकासका पूर्वाधारहरुको आयु तथा सेवा लम्ब्याउने

**कार्यनीति**

यस केन्द्रको लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्नानुसारको कार्यनीति अवलम्बन गरिएको छ :

- उपल्लोतटिय क्षेत्र तथा तल्लोतटिय क्षेत्र अन्तरसम्बन्ध स्थापन गर्ने गरी कार्य सञ्चालन गर्ने
- सहभागितात्मक, समन्वयात्मक तथा सहकार्यात्मक तरिकाबाट कार्य सञ्चालन गर्ने

- एकीकृत प्याकेज अवधारणा अनुरुप भू तथा जलाधार व्यवस्थापन क्रियाकलापहरु सञ्चालन गर्ने
- अध्ययन एवम् अनुसन्धानात्मक तरिकाबाट कार्य सञ्चालन गर्ने
- सिद्ध प्रविधि तथा नतिजालाई प्रसार गर्ने
- वृहत् जलाधार व्यवस्थापन सम्बन्धि नीति निर्माणमा सहयोग गर्ने

**२) काम कर्तव्य र अधिकार**

यस केन्द्रले सम्पादन गर्ने कार्यहरु निम्नानुसारका रहेकाछन् :

- वृहत् जलाधार स्तरका नदी प्रणालीहरुको भूस्खलन तथा जलाधार व्यवस्थापन सम्वन्धि सूचना प्रणालीहरुको तथ्यांक, जानकारीहरु तयार गर्ने ।
- जलाधारीय सम्वेदनशीलताको आधारमा प्राथमिकीकरण गरी महत्वपूर्ण, प्राथमिकता प्राप्त र संवेदनशिल क्षेत्रहरुमा वर्गिकरण गर्ने । पहिचान भएका जलाधार, उपजलाधारहरुको वैज्ञानिक अभिलेखिकरण गरी जलाधारमा आधारित कार्यक्रम/योजना, परियोजनाहरुको नियमन एवं समन्वय गर्ने ।
- जलश्रोतको संरक्षण, प्राकृतिक प्रकोप व्यवस्थापन र न्यूनीकरण, भूउपयोग, भूक्षमता जस्ता पक्षहरूको पहिचान, विश्लेषण गर्दै एकीकृत व्यवस्थापकीय योजना निर्माण र कार्यान्वयन ।
- बाढी, पहिरो भूस्खलन जस्ता प्राकृतिक बिपतहरुको न्यूनीकरण गर्न तथा जलको शुद्धता र परिमाण (Quality and Quantity) को अभिवृद्धि गर्न योजना, रणनीति कार्यक्रमहरूको तर्जुमा गर्दै अन्य सम्बन्धित सरोकारवाला हरुसँग समन्वय र सहकार्य गर्ने ।
- जलाधार क्षेत्र अन्तर्गत् रहेका राष्ट्रिय महत्वका आयोजना परियोजनाहरु सँग आपसि सहयोग र समन्वय कायम गर्दै वातावरण र विकास विच सन्तुलनको लागि नीतिगत तथा कार्यक्रमगत विषयहरुको संघीय, प्रदेश र स्थानीय तहलाई आवश्यकता अनुसार पृष्ठपोषण गर्ने ।
- संघीय आयोजना परियोजनाहरुको नेतृत्व प्रदान गर्नुका साथै समन्वयात्मक रुपमा अन्य आयोजना परियोजनाहरुलाई आवश्यक सहयोग, सहजीकरण तथा व्यवस्थापन गर्ने ।
- भू तथा जलाधार संरक्षण सम्वन्धि प्रविधि विकास प्रदर्शन एबं प्रसार कार्य गर्ने र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूमा आवश्यकता अनुसार प्रविधि हस्तान्तरण, सहयोग एवम् समन्वय गर्ने ।
- संवेदनशील तथा राष्ट्रिय महत्वका जलाधार व्यवस्थापन सम्वन्धि आवश्यक ज्ञान प्रविधि सीप तथा नीति तर्जुमाका लागि आवश्यक सूचना, तथ्यांक तीनवटै तहका सरकारहरुलाई उपलव्ध गराउने।
- संघीय नीति, ऐन, कानून, निर्देशिकाहरुको कार्यान्वयन तथा नियमन गर्ने ।
- आकस्मिक बाढी पहिरो भूस्खलन जस्ता प्राकृतिक प्रकोपहरुको असर लाई न्यून एबं व्यस्थापन गर्न प्रदेश र स्थानीय सरकारसंग समन्वय गरि कार्यक्रम संचालन गर्ने ।
- जलाधार क्षेत्र व्यस्थापनका लागि महत्वपुर्ण भूमिका निर्बाह गर्न सक्ने अन्य सरोकारवाला निकायहरुसँग समन्वय कायम गरि एकीकृत रुपमा कार्यक्रम संचालन गर्न गराउन सहयोग गर्ने ।
- बृहत् जलाधार स्तरीय आयोजना, परियोजनाहरु निर्माण गर्न संघिय सरकार लाई सहयोग गर्ने ।

- वृहत् जलाधार क्षेत्र अन्तगतका जलाधार, उपजलाधारहरुको तथ्याङ्क तथा सूचना (एटलस तयार गरि) सम्वन्धित निकायबाट स्वीकृत गराउने तथा जलाधार उपागमको आधारमा कार्यक्रम संचालन समेत गर्ने गराउने ।
- वृहत् जलाधार व्यस्थापन कार्यसंग सम्वन्धित अन्य संघ संस्थाहरुसंग समन्वय गरि सहयोग र सहकार्यको आवश्यक व्यवस्था मिलाउने
- संघीय कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने साथै प्रदेश र स्थानीय तहबाट अनुरोध भई आएका विषयहरुलाई समेत सम्बोधन गर्ने ।
- वृहत् जलाधार क्षेत्र अन्तर्गत् रहेका ठूला स्तरका जोखिमयुक्त पहिरो, बस्तीहरु पहिचान गर्ने तथा व्यवस्थापकीय योजना बनाई कार्यान्वयन गर्ने ।
- जलवायु परिवर्तनका कारण जलाधारीय श्रोतहरूमा परेको असरलाइ सम्वोधन गर्न जलवायु परिवर्तन अनुकूलन/समानुकूलनका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।
- उपल्लो तटीय तथा तल्लो तटीय जलाधारक्षेत्र सम्वन्ध (Upstream-Downstream Linkage) व्यवस्थापन, उपयोग र महत्व प्रदर्शन स्थल निर्माण एवम् व्यवस्थापन गरी प्राप्त नतिजालाइ अनुसरण गर्ने

## ३) कर्मचारी र कार्यबिवरण

वृहत् जलाधार व्यवस्थापन केन्द्र, कोशी उदयपुरमा कार्यरत् कर्मचारीहरुको बिवरण

| क्र. सं. | कर्मचारीको नाम, थर | पद | श्रेणी | सेवा/समूह | कैफियत |
|---|---|---|---|---|---|
| १ | रामकृष्ण राजथला | वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत | रा.प.द्वि.(प्रा.) | वन/स्वायल एण्ड वाटर कन्जरभेसन | |
| २ | देव पुजन यादव | जलाधार व्यवस्थापन अधिकृत | रा.प.तृ.(प्रा.) | " " | |
| ३ | | बाली विकास अधिकृत | रा.प.तृ.(प्रा.) | कृषि/एग्रोनोमी | रिक्त |
| ४ | कमला लो | भू-संरक्षण सहायक | रा.प.अनं.प्र(प्रा.) | वन/स्वायल एण्ड वाटर कन्जरभेसन | काजमा गएको |
| ५ | विरेन्द्र कुमार महतो | सबइन्जिनियर | रा.प.अनं.प्र(प्रा.) | इन्जिनियरिङ्ग/सिभिल इरिगेसन | |
| ६ | खीलाराज बस्नेत | ना.सु. | रा.प.अनं.प्र.प्र. | सामान्य प्रशासन | |
| ७ | गंगाकुमारी श्रेष्ठ | लेखापाल | रा.प.अनं.प्र. | लेखा | |
| ८ | विदुर कुमार खड्का | ह.स.चा. | श्रेणीविहीन | | करार |
| ९ | खेमराज ओझा | का.स. | श्रेणीविहीन | | |
| १० | राम दयाल मण्डल | का.स. | श्रेणीविहीन | | करार |

**संगठन स्वरुप**

**वृहत् जलाधार व्यवस्थापन केन्द्र, कोशी**
उदयपुर, गाईघाट

**वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत**
रा.प.द्वि.(प्रा.), वन, स्वायल-१

**योजना तथा कार्यान्वयन शाखा**

**जलाधार व्यवस्थापन अधिकृत**
(रा.प.तृ.प्रा., वन, स्वायल)-१
**बाली विकास अधिकृत**
(रा.प.तृ.प्रा., कृषि, एग्रोनोमी)-१
**भू-संरक्षण सहायक**
(रा.प.अनं.प्र.प्रा., वन, स्वायल)-१
**सबइन्जिनियर**
(रा.प.अनं.प्र.प्रा.,इन्जिनियरिङ्ग, सिभिल इरिगेसन)-१

**प्रशासन शाखा**

**नायव सुब्बा**
(रा.प.अनं.प्र.प्र., सामान्य प्रशासन)-१
**ह.स.चा.**
(श्रेणीविहीन)-१
**का.स.**
(श्रेणीविहीन)-२

**लेखा शाखा**

**लेखापाल**
(रा.प.अनं.प्र., लेखा)-१

## ४) प्रदान गरिने सेवा

### प्रदान गरिने सेवा सम्बन्धि नागरिक बडापत्र (Citizen Charter)

| प्रदान गरिने सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नुपर्ने बिवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने शाखा/ कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|
| | | शुल्क | समय | | |
| **भू उपयोग विकास योजना तर्जुमा तथा भू-संरक्षण परामर्श सेवा** (वृहत् जलाधार प्राथमिकीकरण, रणनैतिक योजना तर्जुमा, कार्ययोजना, भू संरक्षाण तथा जलाधार व्यवस्थापन परामर्श सेवा) | लिखित/मौखिक अनुरोध | निशुल्क | सेवाको प्रकृति हेरि ७ दिन देखि ३ महिना सम्म | योजना तथा कार्यान्वयन शाखा | वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत |
| **विपद् जोखिम न्यूनिकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन** (एकीकृत पहिरो/गल्छी/खहरे/खोलाकिनार व्यवस्थापन, आकष्मिक भू-क्षय व्यवस्थापन, शहरी जलाधार व्यवस्थापन) | समूह/समितिको निर्णय(माइन्युट)को फोटोकपि, सम्बन्धित पालिका/ वडाको सिफारिश पत्र, रु १०।- को टिकट टाँसेको निवेदन | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | ,, ,, | ,, ,, |
| **दिगो भू-व्यवस्थापन तथा विकासका पूर्वाधार संरक्षण** (जलाधार पुनर्स्थापना, क्षतिग्रस्त भूमि पुनरोत्थान, बहुउद्देश्यीय नर्सरी स्थापना, बहुवर्षीय बिरुवा उत्पादन र वितरण, फलफूल बिरुवा खरीद/वितरण/रोपण, सुख्खाक्षेत्र व्यवस्थापन, सडकपाखो व्यवस्थापन, सेल्टरबेल्ट/ग्रीनबेल्ट विकास) | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | ,, ,, | ,, ,, |
| **जलश्रोत संरक्षण तथा गेग्रान व्यवस्थापन** (एकीकृत पानीश्रोत व्यवस्थापन, थिग्रीकरण व्यवस्थापन, तालतलैया/ सिमसारक्षेत्र व्यवस्थापन तथा पर्यापर्यटन प्रवर्द्धन, भूमिगत पुनर्जलभरण, सिंचाई पोखरी) | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | ,, ,, | ,, ,, |
| **अध्ययन, अनुसन्धान प्रविधि विकास, जलाधार सूचना प्रणाली विकास** (संरक्षण प्रदर्शन स्थल निर्माण र व्यवस्थापन, जलाधारीय नक्शांकन/श्रोत सर्वेक्षण/तथ्यांक संकलन/विश्लेषण/अभिलेखिकरण, प्रविधि प्रसार, विभिन्न किसिमको अध्ययन अनुसन्धान) | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | ,, ,, | ,, ,, |
| **सामुदायिक परिचालन, क्षमता विकास, प्रचारप्रसार तथा जिविकोपार्जन सुधार** (विभिन्न किसिमका तालिम/गोष्ठी/अध्ययन अवलोकन भ्रमण, संरक्षण आयमूलक कार्यक्रम, संरक्षण दिवस समारोह, समन्वयात्मक छलफल, संरक्षण प्रचारप्रसार सामग्री उत्पादन/खरीद/वितरण) | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | ,, ,, | ,, ,, |
| **प्रशासनिक सेवा** | लिखित/मौखिक अनुरोध | निशुल्क | सेवाको प्रकृति हेरि तुरुन्तै | प्रशासन शाखा | ,, ,, |
| **लेखा सम्बन्धि सेवा** | लिखित अनुरोध | निशुल्क | नियमानुसार तुरुन्तै | लेखा शाखा | ,, ,, |

## ५) शाखा र जिम्मेवार अधिकारी

| क्र. सं. | शाखा | कर्मचारीको नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| १ | योजना तथा कार्यान्वयन शाखा | देव पुजन यादव | जलाधार व्यवस्थापन अधिकृत | |
| | | | बाली विकास अधिकृत | रिक्त |
| | | कमला लो | भू -संरक्षण सहायक | काजमा गएको |
| | | बिरेन्द्र कुमार महतो | सब -इन्जिनियर | |
| २ | प्रशासन शाखा | खीलाराज बस्नेत | ना. सु. | |
| | | खेमराज ओझा | का. स. | |
| | | राम दयाल मण्डल | का. स. | करार |
| | | विदुर कुमार खड्का | ह.स.चा. | करार |
| ३ | लेखा शाखा | गंगाकुमारी श्रेष्ठ | लेखापाल | |

## ६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस केन्द्रबाट प्रदान गरिने सेवाहरुमा कुनै दस्तुर लाग्दैन ।सेवाको प्रकृति अनुसार ७ दिन भित्र सेवा प्रदान गरिनेछ ।तर वजेट विनियोजन हुन आवश्यक सेवाहरुको लागि थप समय लाग्नेछ ।

## ७) निर्णय गर्ने प्रक्रिया र अधिकारी

पेश हुन आएका निवेदन उपर छलफल गरी टिप्पणी तथा आदेश मार्फत् निर्णय गरिनेछ ।यस्तो निर्णय विद्यमान ऐन, नियम, निर्देशिका, कार्यविधि तथा परिपत्र आदिको आधारमा कार्यालय प्रमुखको तहबाट गरिनेछ ।

## ८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस केन्द्रमा वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत र केन्द्रले गरेका निर्णय उपर उजुरी सुन्ने अधिकारिको रुपमा वन तथा भू-संरक्षण विभागका महानिर्देशकज्यू हुनुहुनेछ ।

## ९) सम्पादन गरेको कामको बिवरण

निम्न बजेट शिर्षकमा काम हुँदै आएका छन्

- ब.उ.शि.नं. ३२९०१०११३ अन्तर्गत् वार्षिक बजेट रु. ८९,८२,०००|००
- ब.उ.शि.नं. ३२९०११०२३ अन्तर्गत् वार्षिक बजेट रु. ४,००,०००|००
- ब.उ.शि.नं. ३२९०११०२४ अन्तर्गत् वार्षिक बजेट रु. २७,०००|००
- ब.उ.शि.नं. ३२९०११०२४ अन्तर्गत् वार्षिक बजेट रु. ८,५९ ,००,०००|००
- ब.उ.शि.नं. ३२९००१०५४ अन्तर्गत् वार्षिक बजेट रु. ८०,००,०००|००

**यस अवधिमा यस केन्द्रबाट भएका कार्यहरु निम्नानुसार छन् ।**

- भू संरक्षण दिवस मनाइएको
- बहुउद्देश्यीय वहुवर्षिय विरुवा उत्पादन ÷ सप्तरीको राजबिराज र सिन्धुलीमा सम्पन्न
- भालुखोला वस्ती तथा खेती तटबन्ध कार्य, माने भन्ज्याङ गा.पा. ८, ओखलढुङ्गा ÷ सम्पन्न
- कर्माहा फाँट संरक्षण तथा तटबन्ध निर्माण दुधौली ४ सिन्धुली ÷ सम्पन्न
- लामाखोला घुम्ती टोल र वरपानी टोल नदि नियन्त्रण, चौदन्डीगढी न. पा. ४, उदयपुर ÷सम्पन्न
- कोरिया खोला नियन्त्रण, त्रि. न. पा. ५, उदयपुर ÷ सम्पन्न
- लुहाले खोला नियन्त्रण, त्रि. न. पा. २, उदयपुर ÷सम्पन्न
- सुख्खा क्षेत्रमा रिचार्ज पोखरी निर्माण दि. दि.चु.गा.पा. १, खोटाङ्ग ÷ सम्पन्न
- हरियाली सा. व. उ. स. मा हरितपेटी सहितको खोलाकिनार संरक्षण, धनगढीमाई १२, सिराहा ÷सम्पन्न
- बोक्सेभीर बगुवा खहरे नियन्त्रण, गोलन्जोर ६, सिन्धुली ÷सम्पन्न
- लक्ष्मीखोलामा हरितपेटी सहितको खोलाकिनार संरक्षण, बर्दीवास ४, महोत्तरी ÷सम्पन्न
- पिलुवाखोला बेल्टार दोभानमा हरितपेटी सहितको खोलाकिनार संरक्षण, चैनपुर १०, संखुवासभा ÷सम्पन्न
- पौवाखोलामा हरितपेटी सहितको खोलाकिनार संरक्षण, उदयपुरगढी ८, नेपालटार, उदयपुर ÷सम्पन्न
- खयरमारामा हरितपेटी सहितको खोलाकिनार संरक्षण १०, मराहखोला, महोत्तरी ÷सम्पन्न
- शाहीखोलामा हरितपेटी सहितको खोलाकिनार संरक्षण, त्रि. न. पा. ८ क़, उदयपुर ÷सम्पन्न
- विरिङ्गखोलामा हरितपेटी सहितको खोलाकिनार संरक्षण, अर्जुनधारा ५ ÷सम्पन्न
- हाथिढुङ्गामा हरितपेटी सहितको खोलाकिनार संरक्षण, सुलसुले धनगढी १४, सिराहा ÷सम्पन्न
- सिसुवारी खोलामा हरितपेटी सहितको खोलाकिनार संरक्षण, सुरुङ्गा १ थारुटोल, सप्तरी ÷सम्पन्न
- सुरुङ्गा भशुवाखोला न. पा. २ बाहुनाखोलामा हरितपेटी सहितको खोलाकिनार संरक्षण, सप्तरी ÷सम्पन्न
- संरक्षण पोखरी निर्माण, दिरूमनपा४, खोटाङ्ग ÷ सम्पन्न
- डाँडाटोल सिंचाइ पोखरी निर्माण, दि.रू.म.न.पा.२, खोटाङ्ग ÷ सम्पन्न
- बाबा ताल संरक्षण तथा व्यवस्थापन ÷ सम्पन्न
- रिचार्ज पोखरी निर्माण हलेसी तुवाचुङ्ग न.पा. ७ वासुमाल धर्मसाल वन ÷सम्पन्न
- पानी मुहान संरक्षण, बराहपोखरी गा. पा. १, पिप्ले, खोटाङ, अरुण गा. पा. ६, भोजपुर, उदयपुरगढी ७, अर्ज्या, त्रियुगा न. पा. १६, साउने ÷सम्पन्न
- शहरी पानी स्रोत व्यवस्थापन, उदयपुरगढी ८, नेपालटार,तीनपाटन न. पा. ४, सिन्धुली ÷ सम्पन्न
- ताल तलैया सिमसार क्षेत्र संरक्षण,
    - लक्ष्मीसरोवर, गोडैता न. पा. ४, रोहुवा, सर्लाही÷ सम्पन्न
    - शंकरवेलीताल, रामधुनी ६, सुनसरी÷ सम्पन्न
    - सिसाघारी सिमसार, कटारी न. पा.÷ सम्पन्न
    - मोतीदह,सुरुङ्गा न. पा. २ देउराली सा. व. उ. स., सप्तरी ÷ सम्पन्न

- हाङसाङथेवा सिमसार ÷ सम्पन्न
- माई नपा ७, ईलाम ÷ सम्पन्न
- निगुवा सिमसार क्षेत्र, चौदण्डी गढी न. पा. ५, उदयपुर ÷ सम्पन्न
- १३ कुनेताल, माई न.पा. १, ईलाम÷सम्पन्न

- **रिचार्ज पोखरी निर्माण**

  भरसियाखोल्सा दनुवारवस्ती, अमई, लहान १८,। कैदाले, टाङटिङ, अर्जुनधारा ३, झापा,। विचारी सा. व. उ. स., लहान १५, सिराहा,। सुरुङ्गा न. पा. ३, धुसीमहुलिया, सप्तरी। त्रियुगा न. पा. ४, रातेखोला, उदयपुर,। चौ. न. पा. १०, देवधार, उदयपुर,। बोलुखाबस्ती, मन्थली ७, रामेछाप, ।उदयपुरगढी ७, मैनाटार,।अरुण गा. पा. ६, जरायोटार , भोजपुर । दिक्तेल ५ र ८, निमारेकोमूल, । शार्कीकुवा, शहीदभुमी ६ धनकुटा ।- सम्पन्न

- **सिंचाई कुलो संरक्षण**

  वेल्टार सिंचाईकुलो, तीनपाटन ४, सिन्धुली, । दिप्रुङ्गचुईचुम्मा ३, वल्खुखोला, खोटाङ, ।बराहपोखरी १, पिप्ले, खोटाङ, । रौता ७, मुर्कुची, उदयपुर । बाँसवारी सिंचाईकुलो, अर्जुनधारा ५, झापा,। खुटीमरान, सिमरटोकी, धनगढी १२, सिराहा,। दिक्तेल ८, बुवालुङ, खोटाङ ।कमलामाइ न.पा.-४, ढाँडखेत, धाराभञ्ज्याङ । ताप्ली गा. पा. ५, यारीखोला तीनसयवेसी, उदयपुर,। दिप्रुङ्ग चुईचुङ्वा ३, वल्खुखोला, खोटाङ , । सम्पूर्ण कार्य सम्पन्न

- **पहिरो रोकथाम**

कालीपोखरी पहिरो, बाह्रविसे ३, सिन्धुपाल्चोक,। छिन्ताङ शहीदभुमी ३, धनकुटा, ।कालिन्चोक न.पा. ८, दोलखा,। दनुवारवस्ती, त्रियुगा ८ र १६, उदयपुर,। दिक्तेल न. पा. ८, रानीवन,। उदपुरगढी ७, पिडिवास र हाडेवास, । उदयपुरगढी ५, डुम्रीटार।÷ सम्पूर्ण सम्पन्न

- ज्ञानोदय आधारभूत विद्यालय बैराङ्ग पहिरो नियन्त्रण, टेम्के मैथुम २, भोजपुर ÷ सम्पन्न
- कल्चिडे पहिरो नियन्त्रण, दि.रू.म.न.पा.५, खोटाङ्ग ÷ सम्पन्न
- सुख्खा क्षेत्र व्यवस्थापन खोटाङ, धनकुटा, सम्पन्न

**समृद्धिका लागि वन**

- अर्जनधारा न.पा. ४,बागेडागी टयाटिङ्गखोला,झपा, धनगढीमाई न.पा.१२,सिमरटोकी,सिरहा, उदयपुरगढी गा.पा. ७,तिल्केनी,हाडेबास, उदयपुर
- जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना खोटाड. जिल्लामा संचालन रहेको र सो कार्यक्रम फिल्ड कार्यालय खोटाडमा समेत रही कार्यान्वय गरिरहेको

**१०) सूचना अधिकारी र प्रमुखको नाम र पद**

| | |
|---|---|
| प्रमुखको नामः रामकृष्ण राजथला<br>पद: वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत<br>मोबाईल नम्बर:९८५२८३५२०४ | सूचना अधिकारीको नामः बिरेन्द्र कुमार महतो<br>पद: सव÷ ईन्जिनियर<br>मोबाईल नम्बर:९८०१५६२७७६ |

**११) केन्द्रको बजेट सम्बन्धी बिवरण**

- ब.उ.शि.नं. ३२९०१०११३ अन्तर्गत् वार्षिक बजेट रु.८९,८२,०००।०० (साविक वजेटः ८,८८,७०,००।०० )
- ब.उ.शि.नं. ३२९०११०२३ अन्तर्गत् वार्षिक बजेट रु. ४,००,०००।००(साविक वजेटः १७,७६,१४६।०० )
- ब.उ.शि.नं. ३२९०११०२४ अन्तर्गत् वार्षिक बजेट रु. ८,५९ ,००,०००।००
- ब.उ.शि.नं. ३२९०३१०२४ अन्तर्गत् वार्षिक बजेट रु. २७,०००।००
- ब.उ.शि.नं. ३२९०३१०२४ अन्तर्गत् वार्षिक बजेट रु. ८०,००,०००।००

**१२) खर्चको बिवरण**

**२०७९ बैशाख देखि आषाढ महिना सम्म**

| सि.नं. | कार्यक्रम | ब.उ.शि.नं. | वार्षिक बजेट रु. | खर्च रु. |
|---|---|---|---|---|
| १ | वन तथा भु संरक्षण विभाग | ३२९०१०११३ | ८९,८२,०००।०० | २०,४८,२०४।०० |
| | | ३२९०३१०१४ | २७,०००।०० | ००।०० |
| २ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | ३२९०११०२३ | ४,००,०००।०० | ८७,०२१।०० |
| | | ३२९०११०२४ | ८,५९ ,००,०००।०० | २,५६,९०,०६३।०० |
| ३ | समृद्धिको लागि वन कार्यक्रम | ३२९००१०५४ | ८०,००,०००।०० | ५८,७१,६९०।०० |

**१३ आ.व. २०७९।०८० को वार्षिक प्रगति विवरण**

**१३।१ वित्तिय प्रगति बिवरण:**

- ब.उ.शि.नं. ३२९०१०११३अन्तर्गत् वार्षिक बजेट ८९,८२,०००।००खर्च रु.७८,४१,८००।००
- ब.उ.शि.नं. ३२९०११०२३अन्तर्गत् वार्षिक बजेट रु.४,००,०००।००खर्च रु.८७,०२१।००
- ब.उ.शि.नं. ३२९०११०२४ अन्तर्गत् वार्षिक बजेट रु. ८,२४ ,००,०००।००खर्च रु.८,१७,२५,२४१।००
- ब.उ.शि.नं. ३२९०११०५४ अन्तर्गत् वार्षिक बजेट रु. ८०,००,०००।०० खर्च रु. ७९,४४,८८३।००

**१३।२ भौतिक प्रगति बिवरण:**

- जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम ब.उ.शि.नं. ३२९०११०२३अन्तर्गत् २१।७६ प्रतिशत
- जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम ब.उ.शि.नं. ३२९०११०२४ अन्तर्गत् ९९।१८ प्रतिशत
- समृद्धिको लागि वन कार्यक्रम ब.उ.शि.नं. ३२९०११०५४ अन्तर्गत् वार्षिक ९९।३१ प्रतिशत

**१४) वेबसाइटको बिवरण**

वृहत् जलाधार व्यवस्थापन केन्द्र कोशी उदयपुरको वेबसाइटको बिवरण यस प्रकार रहेको छ
https//www.bmckoshi.gov.np